सुदूरपश्चिम विश्वविद्यालय

# प्राकृतिक स्रोत व्यवस्थापन संकाय

डीनको कार्यालय

धनगढी, कैलाली

## स्नातक तह वन विज्ञानमा भर्ना सम्वन्धि सूचना

यस प्राकृतिक स्रोत व्यवस्थापन संकाय, धनगढी, कैलालीमा शैक्षिक सत्र २०८२/०८३ – २०८६/०८७ (चार वर्ष) का लागि स्नातक तह वन विज्ञान प्रथम सत्रान्तमा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि निम्नानुसार आवेदन फाराम आह्वान गरिन्छ ।

१. जम्मा विद्यार्थी भर्ना कोटा संख्या ४० (चालिस) जना रहनेछ ।

२. जम्मा विद्यार्थी भर्ना कोटा संख्या ४० जना मध्ये आरक्षित छात्रवृति कोटा २५% (पच्चिस प्रतिशत) रहनेछ ।

३. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ अथवा CTEVT मा (वन विज्ञान, कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ ) वा सो सरहको तहमा कम्तीमा पैचालिस प्रतिशत (४५%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा सो सरहमा C Grade/2 GPA प्राप्त गरेको हुनुपर्नेछ ।

४. प्रवेश परीक्षा शुल्क रु. २,५००।- (दुईहजार पाँचसय) जम्मा गर्नुपर्नेछ ।

५. दिइएको समय भित्र फाराम नभरेमा प्रवेश परीक्षाको लागि विलम्ब शुल्क रु. ५,०००।- (पाँचहजार) लाग्नेछ ।

६. एकभन्दा बढी आरक्षित कोटाको लागि फाराम भर्न चाहेमा प्रति कोटा **थप रु.१,००० ।-(एकहजार)** का दरले अतिरिक्त शुल्क लाग्नेछ ।

७. आरक्षित कोटा छनौट गर्दा प्राथमिकताका आधारमा छनौट गर्नु पर्नेछ ।

**८. प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद :**

(क) प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद : मिति २०८२।०४।२३ गते देखि मिति २०८२।०५।३० गतेसम्म ।

(ख) प्रवेश परीक्षा आवेदन फाराम भर्ने विलक्ब म्याद : मिति २०८२।०५।३१ गते देखि मिति २०८२।०६।०७ गतेसम्म ।

(ग) योग्य परीक्षार्थीहरुको प्रारम्भिक नामावली प्रकाशन : मिति २०८२।०६।२० गते ।

(घ) योग्य परीक्षार्थीहरुको अन्तिम नामावली प्रकाशन : मिति २०८२।०६।२२ गते ।

(ङ) प्रवेश पत्र वितरण : मिति २०८२।०६।२४ गते ।

(च) प्रवेश परीक्षा संचालन मिति २०८२।०६।२५ गते शनिबार ११:०० बजे ।

(छ) परीक्षा केन्द्रः प्राकृतिक स्रोत व्यवस्थापन संकाय, धनगढी, कैलाली र काठमाडौं परीक्षा केन्द्रको हकमा स्थान पछि तोकिने छ ।

(ज) प्रवेश परीक्षा नतिजा प्रकाशन : मिति २०८२।०६।२६ गते गरिने छ ।

(झ प्रवेश परीक्षा आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैक लिमिटेड धनगढी, कैलालीमा रहेको प्राकृतिक स्रोत व्यवस्थापन संकायको चल्ती हिसाब खाता नं. १३७००१०७९२७१६४००००01 मा दाखिला गरेको सक्कल बैक भौचर अथवा **Mobile Banking** मार्फत दाखिला गरेको प्रमाण एवं आवश्यक कागजातहरुको PDF फाईल बनाई निर्धारित प्रवेश परीक्षा आवेदन फाराम website, https://facultynrm.fwu.edu.np मार्फत Online **अथवा** प्राकृतिक स्रोत व्यवस्थापन संकाय, धनगढी, कैलालीमा **भौतिक रुपमा (Offline)** उपस्थित भई कागजात पेश गर्न सकिनेछ ।

(ञ) **Online** मार्फत Upload भैसकेका प्रवेश परीक्षा आवेदन फारामहरु रुजु भैसकेपछि Confirmation Message र प्रवेश पत्र सम्बन्धित विद्यार्थीको email मा जाने भएकोले आफ्नो प्रवेश पत्र स्वयं विद्यार्थीले नै प्रिन्ट गरी प्रवेश परीक्षा दिन आउँदा प्रवेश पत्र, सक्कल नागरिकता र सक्कल बैक भौचर साथमा लिई आउनुपर्नेछ

। प्राकृतिक स्रोत व्यवस्थापन संकाय, धनगढी, कैलालीमा भौतिक रुपमा (**Offline**) उपस्थित भई पेश भएका फारमहरुको प्रवेश पत्रका लागि संकायमा सम्पर्क गर्नुपर्नेछ ।

**(ट) प्रवेश परीक्षा आवेदन फाराम भर्दा Upload गर्नुपर्ने कागजातहरुः**

- SLC/SEE को Mark sheet/Grade Sheet & Certificate
- +2 वा सो सरहको Transcript, Provisional and Migration Certificates
- छात्रवृतिको लागि आरक्षित कोटाको लागि सम्बन्धित निकायको सिफारिस ।
- नेपाली नागरिकता र पासपोर्ट साईजको फोटो ।
- सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेको भए सो प्रमाणित हुने सम्बन्धित निकायको सिफारिस ।
- विदेशी बोर्डबाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता (Equivalent ) प्रमाणपत्र ।

(ज) रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

९. **आरक्षित २५% छात्रवृत्तिको व्यवस्थाः**

सुदूरपश्चिम विश्वविद्यालय, **प्राकृतिक स्रोत व्यवस्थापन** संकाय, डीनको कार्यालयद्धारा B.Sc. Forestry पढाईका लागि प्रदान गरिने २५% (पच्चिस प्रतिशत) छात्रवृत्तिको व्यवस्था तपसिल अनुसार रहेको छ ।

(क) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने महिला १ जना ।
(ख) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पुरुष १ जना ।
(ग) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने सुदूरपश्चिम विश्वविद्यालय अर्न्तगतका आंगिक क्याम्पसका स्थायी प्राध्यापक तथा कर्मचारीका छोरा/छोरी मध्येबाट १ जना ।
(घ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मधेशी १ जना ।
(ङ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने दलित १ जना ।
(च) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने जनजाति १ जना ।
(छ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थानीय १ जना । धनगढी उपमहानगरपालिका भित्र स्थायी बसोबास गरी सम्बन्धित उपमहानगर पालिकाबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ) ।
(ज) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने अपांग १ जना ।
(झ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पिछडा क्षेत्रबाट १ जना । (सम्बन्धित क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)
(ञ) शहिद परिवार/द्वन्द पिडित/अनाथहरु मध्ये योग्यता सुचीमा उत्कृष्ट अंक प्राप्त गर्ने १ जना ।

१०. सुदूरपश्चिम प्रदेशका ९ जिल्लाका लागि पनि छात्रवृत्ति कोटा छुट्याइएको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश का ९ वटा जिल्लाहरुबाट १/१ गरी जम्मा ९ जना । (सम्बन्धित जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट SEE वा +2 वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालयहरुमा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ ।

१२. प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४०% (चालिस प्रतिशत) रहनेछ ।

१३. SLC/SEE १०% (दश प्रतिशत), १०+२ (विज्ञान/वन विज्ञान) वा CTEVT मा (वन विज्ञान, कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ) १०% (दश प्रतिशत) र प्रवेश परीक्षाको ८०% (असी प्रतिशत) अङ्कभार कायम गरी योग्यता सूचि तयार गरिनेछ र योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

१४. प्रवेश परीक्षामा प्रमाणपत्र तहको Syllabus बमोजिम निम्नानुसारका वस्तुगत प्रश्नहरु समावेस गरिने छ। प्रवेश परीक्षामा जम्मा १०० वटा प्रश्नहरु हुनेछन् जसका लागि १:३० घण्टाको समय हुनेछ र अकंको विभाजन निम्नानुसार गरिएको छ।

| S.N. | Subject | Marks |
|---|---|---|
| 1 | English | 14 |
| 2 | Chemistry | 14 |
| 3 | Physics | 14 |
| 4 | Botany | 15 |
| 5 | Zoology | 15 |
| 6 | Mathematics | 14 |
| 7 | Forestry | 10 |
| 8 | General Knowledge | 4 |
| **Total Marks** | | **100** |

१५. प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि प्राकृतिक स्रोत व्यवस्थापन संकायको प्राकृतिक स्रोत व्यवस्थापन संकायको टेलिफोन नं. ९८४३४९५८९७, ९८४८४३६५११, ९८५८४२०९८८ मा सम्पर्क गर्न वा website https://facultynrm.fwu.edu.np/ मा हेर्न सकिनेछ।

**नोटः आरक्षित कोटामा फाराम भर्दा प्रमाणको लागि आवश्यक कागजातहरु पनि सँगै पेश गर्नुपर्नेछ।**

**प्रवेश परीक्षा व्यवस्थापन तथा संचालन समिति**